आज मिति २०८० भाद्र १३ गते बुधबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा २७ औ कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपाल थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछान) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जयु बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दिव्यनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

## २७ औं कार्यपालिका बैठक/२०८० भाद्र १३ गते

छलफलका विषय

१। भुमि बर्गीकरणको सम्बन्धमा,
२। कबाडी ठेक्का सम्बन्धमा,
३। फोहरमैला व्यवस्थापन कार्यको नविकरण सम्बन्धमा,
४। फोहरमैलाको बैज्ञानिक व्यवस्थापनका लागि निजी क्षेत्रसंग सहकार्य गर्ने सम्वन्धमा,
५। अमिन सर्भेक्षकको तालिम खर्च सम्बन्धमा,
६। विविध

a. बौलाहा खोलाको ठेक्काको परिमाण नपुगेको भन्ने माग सम्वन्धमा,
b. योजनालाई क्रमागत गर्ने सम्बन्धमा,
c. आ.व. ०७९/०८० को बार्षिक समिक्षा सम्बन्धमा,
d. निर्माण व्यवसायीसंघको इजाजत नविकरण सम्बन्धमा,

देवचुली नगरपालिकाको सत्ताइसौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।

१। छब्बीसौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। भुमि सम्बन्धी नियमावली, २०७९ अनुसार भुमिको बर्गीकरण सम्बन्धी कार्य भैरहेको र यसलाई अन्तिम रुप दिन अझ केही समय लाग्ने देखिएकोले मिति २०८० असोज मसान्त सम्म बर्गीकरण सम्बन्धी सम्पुर्ण कार्य सम्पन्न गरी प्रतिवेदन बुझाउन विज्ञ टोलीलाई समय प्रदान गर्ने । विज्ञ टोलीबाट अन्तिम प्रतिवेदन प्राप्त नभएसम्म जग्गाको कित्ताकाटलाई सहजीकरण गर्न मिति २०७९ मंसीर २३ अगाडी गरेको प्रकृया अनुसार हाललाई जग्गा कित्ताकाटको सिफारिश गर्ने ।

३। देवचुली नगरपालिका भित्रबाट उत्सर्जन भई निकासी हुने कवाडीजन्य मालवस्तुहरुको निकासी कर संकलनका लागि ठेक्का आब्हान भएकोमा ठेक्का सुचना बमोजिम ब्राइट भिजन रियलस्टेट एण्ड कन्सट्रक्सन प्रा.लि. भरतपुर–२ ले कबोल गरेको रकम रु. ३५,६८,२८८।८०१ (मुल्य अभिबृद्धि कर सहित) सारभुत रुपमा प्रभावग्राही देखिएको भनी बोलपत्र मुल्याङ्कन समितिबाट सिफारिश भएकोले उक्त बोलपत्र स्वीकृत गर्ने । साथै स्वीकृत बोलपत्रदाताले एकमुष्ट रकम बुझाउन चाहेमा कबोल अंकमा १० प्रतिशत रकम छुट दिने र सम्झौता मितिले १२ महिना अवधि रहने गरी सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने ।

४। देवचुली नगरपालिका भित्रबाट निस्कने फोहरमैलाको व्यवस्थापन निजीक्षेत्रसंगको सहकार्य (श्री कालिका सप्लायर्स देवचुली–२) मा हुदै आएको र उक्त संस्थासंग भएको सम्झौता २०७९ पौष मसान्तमा समाप्त भएको हुँदा २०७९ माघ देखि २०८० पौष सम्म सम्झौताको म्याद थप गरी कार्यादेश दिने । फोहरमैलाको व्यवस्थापनको सन्दर्भमा गुनासो आइरहेकोले गुनासो नआउने गरी काम गर्न सम्बन्धित संस्थालाई निर्देशन दिने ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

५। देवचुली नगरपालिका भित्रबाट निस्कने फोहरमैलाको व्यवस्थापन हालसम्म अस्थायी हिसावले भैरहेको सन्दर्भमा फोहरमैलाको वैज्ञानिक किसिमले व्यवस्थापन गरी फोहरबाट मोहर बनाउने नीति अनुसार फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र बनाई यसलाई उद्योगको रुपमा विकास गर्ने र यस कार्यमा निजीक्षेत्रलाई पनि सहभागी गराउने योजना अनुसार देवचुली नगरपालिका वडा नं. ६ मृत्युञ्जको बौलाहा खोला किनाराको जग्गालाई विकास गरी सोही जग्गामा उक्त कार्य गर्ने योजना अनुसार परियोजनाको प्रारम्भिक बातावरणीय परिक्षण (IEE) र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी जग्गा प्राप्तीको लागि प्रकृया अगाडी बढीरहेको हुँदा जग्गा प्राप्ती सम्बन्धी कार्यमा लामो समय लाग्न सक्ने हुनाले नगरपालिकाबाट स्वीकृत कार्यक्षेत्रगत शर्त (TOR) को अधिनमा रही निजी क्षेत्र आफैले जग्गा व्यवस्था गरी फोहरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र बनाई संचालन गर्न दिन सकिने गरी प्रस्ताव आव्हान गर्न कार्यालयलाई निर्देशन दिने

६। भुमिहीन दलित, भुमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लागि जग्गा उपलब्ध गराउने सन्दर्भमा जग्गा नापँचाँचका लागि हालै सर्भेक्षक तथा अमिन छनौट गरी मिति २०८० भाद्र १० देखि करार सम्झौता गरी तालिम शुरु गरिएकोले हाललाई २०८० असोज ३० सम्मको करार सम्झौता गर्न कार्यालयलाई निर्देशन दिने । कार्यसम्पादन मुल्याङ्कन र जग्गा नाँपजाँच सम्बन्धी कार्यप्रगतिको आधारमा के कति सर्भेक्षक तथा अमिन आवश्यक पर्ने हो यकिन गरी कार्यपालिकाबाट पुन निर्णय गरेर मात्र करार नविकरण गर्न कार्यालयलाई निर्देशन दिने । साथै नापी कार्यालयबाट पेश भएको प्रस्ताव बमोजिमको तालिम खर्च भुमि सम्बन्धी कामका लागि विनियोजन भएको बजेट शिर्षकबाट खर्च गर्न कार्यालयलाई स्वीकृति दिने ।

७। विविध

क. आर्थिक बर्ष २०७९/०८० मा बौलाहा खोलाको नदीजन्य पदार्थ उत्खनन तथा निकासीका लागि ठेक्का आव्हान भए अनुसार ठेक्का सम्झौता भएकोमा नगरपालिकाबाट तोकिएको परिमाणमा उत्खनन गर्न नपाएकोले क्षतिपुर्ति पाउ भनी ठेकेदार पक्षले दिएको निवेदन उपर कुनै निर्णय गर्नुपर्ने नदेखिएको । साथै सोही खोलाको नदीजन्य पदार्थ उत्खनन तथा निकासीका क्रममा वडा नं. ५ भित्रको बाटोहरुमा खाल्डाखुल्डी पुर्न सोही ठेकेदारको साधन प्रयोग भएकोले के कति प्रयोग भएको हो सोको यकिन गरी वडा कार्यालय र पूर्वाधार शाखाबाट प्रतिवेदन प्राप्त भएपछि इन्धन वापतको रकम दिन कार्यालयलाई निर्देशन दिने ।

ख. आर्थिक बर्ष २०७९/०८० को बार्षिक समिक्षा भाद्र महिनाको तेश्रो हप्ता भित्र गर्ने गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने ।

ग. देवचुली नगरपालिका झरही खोला देखि लोकाहाखोला सम्मको राजमार्ग देखि दक्षिण तर्फको भाग चितवन राष्ट्रिय निकुञ्जको मध्यबर्ती क्षेत्र भित्र परेको कारण त्यस क्षेत्रमा जम्मा भएको नदीजन्य पदार्थ उत्खनन् तथा निकासी सम्बन्धी कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम नगरपालिकाले गर्न पाउने गरी आवश्यक सहजीकरण गरिदिन र उक्त क्षेत्र भित्र रहेका सरकारी सार्वजनिक जग्गामा नगरपालिकाको योजना अनुसार फोहरमैला व्यवस्थापन केन्द स्थापना, छाडा गाई व्यवस्थापन तथा जैविक मल

हरिप्रसाद न्योपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

देवचुली नगरपालिका नगर कार्यपालिकाको कार्यालय

उत्पादन केन्द्र निर्माण जस्ता योजनाहरु कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिदिन अनुरोध गर्ने र यसका लागि नगर कार्यपालिकाको टिम राष्ट्रिय निकुञ्ज कार्यालय कसरा जाने ।

घ. देबचुली नगरपालिकाको आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुसार वडा नं. ६, ८, ११, १२ र १३ का विभिन्न ५ वटा सडकहरु कालोपत्रे गर्न बोलपत्र आव्हान भई कार्य सम्झौता भएकोमा वडा नं. ८ र १२ को २ वटा सडकहरु आ.व. २०८०/०८१ को वडा स्तरीय योजनाबाट रकम भुक्तानी गर्ने गरी आ.व. २०७९/०८० मै थप कार्य गरी कार्यसम्पन्न गरेकोले शुरु लागत अनुमानमा समावेश नभएको दुबै योजनामा रु. १६४३३३६।५६ (२१.६%) वराबरको थप काम भएकोले उक्त थप वजेट मध्ये रु. ६ लाख ५५ हजार वडा नं. ८ को बजेट बाट र रु. ९ लाख ८८ हजार ३३६ वडा नं. १२ को वडा स्तरीय बजेट वाट भुक्तानी गर्ने गरी संसोधित लागत अनुमान अनुमोदन गर्ने ।

ङ. देबचुली नगरपालिका वडा नं. ३ स्थित देबचुली नगर अस्पतालको हाताभित्र विष्णु कोइरालाको नाममा रहेको कित्ता नं. २८० को १ कट्ठा क्षेत्रफलको जग्गा निज विष्णु कोइरालाले अस्पतालको नाममा पास गरिदिनुभएकोले उहालाई नगरपालिकाको तर्फबाट हार्दिक धन्यबाद सहित आभार व्यक्त गर्ने र आगामी नगरसभाको अवसरमा सम्मान समेत गर्ने ।

च) भुमिहीन दलित, भुमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लागत संकलन सम्बन्धी कार्यविधि, २०७८ को दफा १२ को उपदफा (१) अनुसार वडाबाट ७ दिने सुचना प्रकाशित भै आएमा सोको प्रमाणिकरण गरी जिल्ला भुमि आयोग र नापी कार्यालयमा थप प्रकृया अगाडी बढाउन लेखि पठाउने ।

छ. भुमिहीन दलित, भुमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको संकलन भएको तत्थ्याङ्क रुजु लगायत यस सम्बन्धी अन्य काम गर्न नगरपालिकाको कार्यालयमा एकजना अनुभवी कर्मचारी आवश्यक भएकोले यस अगाडी करार नियुक्ती भई सोही काम गरिरहेकी गंगा सुबेदीलाई २०८० पौष मसान्त सम्म करारमा सम्झौता गरी काम लगाउने ।

ज. निर्माण व्यवसायीको इजाजत पत्र नविकरण गर्दा निर्माण व्यवसायी संघ जिल्ला कार्य समितिको सिफारिश अनिवार्य रुपमा लिन पुर्वाधार शाखालाई निर्देशन दिने ।

झ. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ बमोजिम नगर प्रहरीको गठन, संचालन, व्यबस्थापन, नियमनका लागि नगर प्रहरी सम्बन्धी कानुन आवश्यक परेकोले उक्त कानुन तयार गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न विधायन स्वीकृति दिने ।

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

गोकुल प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner